# कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२

स्वीकृत मितिः २०८२/०८/२३
प्रमाणीकरण मितिः२०८२/०८/२३

**प्रस्तावनाः** व्यवसायिक उत्पादन प्रवर्द्धनको माध्यमबाट आयात प्रतिस्थापन गर्ने उदेश्यले कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन एवं उत्पादकत्व वृद्धि मार्फत गरिबी न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षा र जिविकोपार्जन सुधार गर्नका लागि कृषि तथा पशुपन्छि विकास कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, गुणस्तरयुक्त, जवाफदेही तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले पचालझरना गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) को व्यवस्था अनुरुप **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२"** जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्याविधि पचालझरना गाउँपालिकाको क्षेत्र भित्र लागु हुनेछ।

(३) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अध्यक्ष" भन्नाले पचालझरना गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

ख) "उपाध्यक्ष" भन्नाले पचालझरना गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

ग) "अनुदान" भन्नाले विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि तथा पशुपन्छी विकास क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिवी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानुन अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरि प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराईने कृषि तथा पशुपन्छी सामग्री, उपकरण तथा अन्य सहायता सम्झनु पर्छ।

घ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि छनौट भएका कृषि तथा पशुपालन गर्ने उदेश्यले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषि सम्बन्धी समिति, कृषि फर्म, कम्पनी र कृषि व्यवसायी सम्झनु पर्छ।

ङ) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत सञ्चालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रम सम्झनु पर्छ।

च) "कृषि" शव्दले बाली, बागवानी, व्यावसायिक कीट, पशुपन्छी, मत्स्य लगायत कृषिका उपक्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवं व्यवसाय सम्झनु पर्छ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

छ) "कृषि सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने प्राङ्गारिक मल, बीउ, वेर्ना, पशुपन्छी, नश्ल, आहारा, माछा भुरा, विरुवा, विषादी, जैविक पदार्थ, तथा हर्मोन, कृषि चुन, पोषक तथा सुक्ष्म तत्व, मौरी घार, मौरी गोला, कृषि तथा पशुपन्छी औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामग्री/वस्तु सम्झनु पर्छ।

ज) "कार्यपालिका" भन्नाले पचालझरना गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

झ) "गाउँपालिका" भन्नाले पचालझरना गाउँपालिका सम्झनु पर्छ।

ञ) "निजी जग्गा" भन्नाले फार्म, कम्पनी वा संस्था तथा व्यक्तिको स्वामित्वमा रहेको जग्गा सम्झनु पर्दछ।

ट) "पशुजन्य उत्पादन" भन्नाले पशुपन्छीबाट उत्पादन हुने दुध, अण्डा, माछा, मासु, उन, पश्मिना सम्झनु पर्दछ। सो शव्दले पशुपन्छी तथा माछाबाट उत्पादन हुने अन्य वस्तु समेत सम्झनु पर्दछ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पचालझरना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ड) "फार्म, कम्पनी वा संस्था" भन्नाले प्रचलित कानुन बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेको फर्म वा कम्पनी वा संस्था सम्झनु पर्दछ। र सो शव्दले सहकारी संस्था समेत सम्झनु पर्छ।

ढ) "लक्षित वर्ग" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको तीन महिना सम्म खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाती, मुक्त हलिया, महिला, एकल महिला, अपाङ्ग, लोपोन्मुख जातजाती, शहिद परिवार र द्वन्द्ध पिडित व्यक्ति सम्झनु पर्छ।

ण) "वडा" भन्नाले यस गाउँपालिकाका १-९ वटै वडा सम्झनु पर्छ।

त) "शाखा" भन्नाले पचालझरना गाउँपालिका कृषि विकास शाखा एवं पशु सेवा शाखा सम्झनु पर्छ।

थ) "शाखा प्रमुख" भन्नाले पचालझरना गाउँपालिकाको कृषि विकास शाखा प्रमुख एवं पशु सेवा शाखा प्रमुख सम्झनु पर्छ।

द) "समिति" भन्नाले दफा (९) को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ।

ध) "सामुदायिक पूर्वाधार" भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिँचाई पूर्वाधार, उत्पादन तथा प्रशोधन पुर्वाधार, कृषि बजार पूर्वाधार लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरु सम्झनु पर्छ।

न) "सार्वजनिक पूर्वाधार" भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध/बाँध निर्माण, सिँचाईका पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरु सम्झनु पर्छ।

## ३. उद्देश्यः

क) गाउँपालिकाबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरुको कार्यान्वयन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने,

ख) सेवाप्रवाहको प्रकृतिलाई सरल, निस्पक्ष र पारदर्शी बनाउने।

ग) कार्यक्रम कार्यान्वयन, अनुगमन एवं प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने,

घ) कृषि उपजको सरल र सुलभ बजार पँहुच वृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आय स्तरमा सुधार गर्ने,

ङ) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायीकरण गरि आत्मनर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

च) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुधारमा टेवा पुर्याउने,

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

## कार्यक्रमको व्यवस्थापकीय पक्ष र सञ्चालन विधि एवं प्रक्रिया

४. **अनुदान उपलब्ध गराउन सक्नेः** स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उदेश्य, प्रमुख क्रियाकलाप र न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि तथा आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न र अनुदान उपलब्ध गराउन सकिनेछ।

५. **अनुदान रकमको सीमा र प्रतिशतः** १) अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः-

क. सार्वजनिक निकायबाट निर्माण गरिने कृषि पुर्वाधार निर्माण (पुँजीगत प्रकृतिका सार्वजनिक कृषि पूर्वाधार) तथा अन्य भौतिक संरचनाको हकमा शत प्रतिशत हुनेछ।

ख. कृषक समूह/सहकारी/उपभोक्ता समिति र तिनमा आबद्व अन्य कृषकहरु वा कृषि उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरु (पुँजीगत प्रकृतिका सामुदायिक कृषि पूर्वाधार) तथा अन्य भौतिक संरचनाको हकमा अधिकतम बढीमा ८५% हुनेछ।

ग. निजी एवम् व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरु (निजी कृषि पूर्वाधार) तथा अन्य भौतिक संरचनाको हकमा अधिकतम बढीमा ५०% हुनेछ।

घ. कृषि उत्पादन सामग्री, प्रशोधन, तथा बजारीकरण सामग्री एवम् कृषि मेसिनरी, औजार उपकरणको हकमा अनुदानको सीमा समूह/सहकारीको हकमा बढीमा ७५% र निजि फर्म र कम्पनीको हकमा अनुदानको सीमा बढीमा ५०% हुनेछ।

ङ. प्रविधि प्रसार, बाली संरक्षण सेवा, प्रयोगशाला सामग्री वा सेवा, ईपिडिमियोलोजिकल रिपोर्टिङ्ग, रोग नियन्त्रण, खोप कार्यक्रम, पशु उपचार सेवा, शिविर, तथ्याङ्क सङ्कलन, माटो सुधार, तालिम, गोष्ठी तथा भ्रमण जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम शत प्रतिशत हुनेछ।

च. सार्वजनिक निकायबाट लाभग्राहीलाई प्राविधिक ज्ञान र सीप प्रदान गर्न कार्यालयले तोकिएको कार्यक्रमसँग सम्बन्धित तालिम, भ्रमण, अनुगमन तथा मुल्याङ्कन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलापमा विनियोजित कुल बजेटको बढीमा ५% सम्म खर्च गर्न सकिनेछ।

छ. कार्यक्रम सञ्चालन गर्दा अन्य खर्च सम्बन्धी विषय प्रचलित कानुन र खर्च सम्बन्धित स्वीकृत मापदण्डको अधिनमा रहि गर्नु पर्नेछ।

६. **प्रस्ताव आव्हान/माग संकलनः** १) कार्यक्रम सञ्चालनका लागि सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम तोकिएको योगयता पुगेका फार्म, कम्पनी वा संस्था तथा समूहले अनुसूची-१ बमोजिमको ३० दिने सार्वजनिक सूचना जारी गरि स्थानीय एफ.एम, राष्ट्रिय पत्रिका र गाउँपालिका एवं गाउँपालिका स्थित वडा कार्यालयहरुमा सूचना टाँस गरि प्रस्ताव आव्हान गर्नेछ।

२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएपछि ईच्छुक कृषक, फर्म, कम्पनी वा संस्था तथा समूहहरुले उक्त सूचनामा तोकिएको समय भित्रमा आवश्यक कागजातहरु तथा अनुसूची-३ अनुसारको प्रस्तावना संलग्न राखी कार्यालयमा अनुसूची-२ बमोजिमको आवेदन प्रस्ताव दर्ता गराउन सक्नेछन्।

३) दफा (६) को उपदफा (१) बमोजिमको सूचनाका आधारमा निर्धारित समय भित्र प्रस्तावना दर्ता हुन नआएमा कार्यालयले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

४) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन।

**७. प्रस्तावको योग्यताः** १) कार्यक्रममा सहभागी हुन प्रस्तावकको योग्यता देहाय बमोजिम हुनेछः-

क) अनुसूची-३ अनुसारको ढाँचामा लेखिएको प्रस्तावना,

ख) अनुसूची-२ अनुसारको निवेदन,

ग) प्रस्तावकका तर्फबाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको व्यक्तिलाई प्रस्तावकले अक्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपि,

घ) वडा कार्यालयबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको भन्ने सिफारिस पत्र सहितको आवश्यक सहयोगको प्रतिवद्धता पत्र,

ङ) कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपि,

च) प्रतिवद्धता पत्र,

छ) समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र,

ज) फार्म, कम्पनी वा संस्था, समूहको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर, र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

झ) कार्यक्रम सञ्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गाको लालपुर्जाको प्रतिलिपि र ट्रेस नक्साको प्रतिलिपि,

ञ) आफ्नो निजी जग्गा बाहेक अन्य जग्गा भएमा न्युनतम १० वर्ष करार सम्झौता गरेको सम्झौताको प्रतिलिपि,

ट) मालपोत तिरेको रसिदको प्रतिलिपि,

ठ) आवश्यकता अनुसार अन्य कागजातहरु (प्रस्ताव आव्हान सम्बन्धी प्रकाशित सूचनामा रहेका सबै आवश्यक कागजातहरु)

**८. आवेदन पेश गर्ने तथा लाभग्राही सूचीकरणः** १) दफा (६) बमोजिमको सूचनाको अधिनमा रहि कार्यालयले रितपूर्वक प्राप्त आवेदनका आधारमा ईच्छुक लाभग्राहीको सूची तयार गर्नुपर्नेछ।

**९. प्रस्ताव मूल्याङ्कनः** १) अनुदान प्रदान गर्नका लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट गर्न तपशिल बमोजिमको एक समिति रहनेछ। तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित क्रियाकलापहरु कार्यविधिको अधिनमा रही आवश्यक विधि निर्धारण गरि सञ्चालन गरिनेछ।

- प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी — संयोजक
- आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
- कृषि/पशु सेवा शाखाको प्रमुख — सदस्य
- कृषि/पशु सेवा शाखाको प्रमुख — सदस्य सचिव

२) समितिले आवश्यकता अनुसार विषय सम्बद्ध पदाधिकारी वा विज्ञलाई समितिको बैठकमा आमन्तरण गर्न सक्नेछ।

३) प्रचलित कानुन बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरुको मूल्याङ्कन समितिले गर्नेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



देवराज शाही (अजम्बी)
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

४) समितिले दफा (७) बमोजिमको योग्यता पुगेको प्रस्तावहरुको मात्र स्थलगत निरिक्षण गरि थप मूल्याङ्कन गर्नेछ।

५) समितिले अनुगमनको क्रममा प्रस्ताव पेश गरेको विवरण झुटो ठहरिएमा वा प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्युनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरि बाँकी प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अगाडी बढाईनेछ।

६) समितिले आवश्यकता अनुसार अनुसूची-४ बमोजिमको प्रस्ताव मूल्याङ्कनको मापदण्ड भित्र रही थप मूल्याङ्कनका उपशिर्षकहरु निर्धारण गर्न सक्नेछ।

७) प्रस्ताव मूल्याङ्कन मापदण्ड बमोजिम सबै भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरु कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछन।

८) दफा (९) को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

क) मुल्याङ्कन तथा छनौटका आधारहरु तय गर्ने,

ख) आवश्यक ठानेमा रीतपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट सहितको सूची पेश गर्नका लागि कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ।

ग) प्राप्त निवेदनको मूल्याङ्कन र आवश्यक परेमा स्थलगत अनुगमन गरि अनुदानग्राही छनौट गर्ने,

घ) सम्झौता अनुसार विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने,

ङ) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने,

च) सम्झौता अनुसारको कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्य सम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रकम रद्द गर्न सिफारिस गर्ने,

छ) कार्यक्रमको अनुगन गरि पृष्ठपोषण गर्ने,

ज) समितिको सचिवालयको कार्य कृषि विकास शाखा/पशु सेवा शाखाले गर्नेछ।

झ) प्राप्त आवेदनको मूल्यांकन, स्थलगत निरिक्षण ,प्रमाणीकरण र सिफारिस, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्य गरि समितिको काममा सहयोग गर्न समितिले कार्य समूह बनाउन सक्नेछ।

**१०.लाभग्राही छनौटः** १)हितपूर्वक प्राप्त प्रस्तावको मूल्याङ्कन तथा छनौटका लागि दफा (९) बमोजिमको समिति मार्फत तय गरिएका प्रस्ताव मूल्याङ्कन तथा छनौटका आधारको अधिनमा रही मूल्याङ्कन तथा छनौट कार्य गर्ने र सम्झौताका लागि कार्यालय समक्ष सिफारिस गर्नु पर्नेछ।

२) प्रस्तावना छनौट गर्नु पूर्व आवश्यकता अनुसार स्थलगत अनुगमन तथा प्रमाणीकरण गर्न सकिनेछ।

३) लाभग्राही छनौट गर्दा लक्षित वर्ग र विगतमा अनुदान प्राप्त नगरेका लाभग्राहीलाई प्राथमिकता दिनु पर्नेछ।

**११.सम्झौता गर्नुपर्नेः** १)कार्यालय प्रमुखको स्वीकृत पश्चात छनौट भएका र वैकल्पिक छनौटमा परेका प्रस्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकी सूचना टाँस गरिनेछ।

२) छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनदान रकम एवम् भुक्तानीको विधि उल्लेख गरि संस्थाहरुसँग कार्यालयले अनुसूची-५ बमोजिम द्धिपक्षीय सम्झौता गर्नुपर्नेछ।

३) उपदफा (२) बमोजिमको सम्झौता अनुसार कार्य सम्पादन गर्नु लाभग्राहीको दायित्व हुनेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



देवराज शाही (अक्की)
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

१२. **अनुदानको भुक्तानीः** १) दफा (११) बमोजिम सम्झौता गरि कार्यक्रम सञ्चालन गरेका लाभग्राहीले भुक्तानीका लागि तोकिएको समय भित्र कार्यालय समक्ष निवेदन पेश गर्नुपर्नेछ।

२) नगद अनुदान दिईने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैंक खातामा जम्मा हुने गरि भुक्तानी हुनेछ।

३) कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरिक्षण गरि तयार पारेको कार्यसम्पन्न प्रतिवेदन र कार्यसम्पादनको आधारमा कार्यालयले अनुदानग्राहीलाई प्रचलित कानुन अनुसार अनुदान रकम लाभग्राहीको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

४) अनुदानग्राहीलाई कामको प्रकृति अनुसार बढिमा २ (दुई) किस्तामा सम्झौता बमोजिमको अनुदान रकम बैंक मार्फत उपलव्ध गराईनेछ।

१३.**खर्च सम्बन्धी व्यवस्थाः** १) यस कार्यविधि बमोजिम गर्ने कार्यहरुः (जस्तै सूचना प्रकाशन, बैठक भत्ता, अनुगमन मूल्याङ्कन, कार्यालय सञ्चालन लगायतका कार्यका लागी) यसै कार्यक्रमका लागि विनियोजित बजेटको ४% कन्टिन्जेन्सी बजेटबाट व्यवस्थापन गरिनेछ।

२) कार्यक्रम सञ्चालनका लागि उपलब्ध गराईने अनुदान रकम दफा (५) बमोजिम र अन्य खर्च प्रचलित कानुन बमोजिम हुनेछ।

१४.**कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** १) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क) कार्यालयबाट नियमित रुपमा अनुगमन गर्नु पर्नेछ। अनुगमन मूल्याङ्कन गर्दा आवश्यकता अनुसार सम्बन्धित सरोकारवालालाई समेत सहभागी गराउन सकिनेछ।

ख) अनुदान रकमको दुरुपयोग भएको पाईएमा अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

ग) अनुगमनको क्रममा दिईएको मौखिक तथा लिखित निर्देशनहरुको पालना गर्नु कार्यालय र अनुदानग्राहीको कर्तव्य हुनेछ।

२) कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र/कलष्टर छनौट भएको विषय अनुदानग्राहीसँग भएको सम्झौताको विवरण कार्यालयले नियमित अद्यावधिक गरि प्रकाशन गर्नेछ।

३) प्रगति विवरण तयारी तथा संप्रेषण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क) त्रैमासिक एवम् वार्षिक प्रगति विवरण पेश गर्नु पर्नेछ।

ख) यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पेश गर्नु पर्नेछ।

ग) अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-३

## कार्यक्रमहरु, सञ्चालन गर्न सकिने क्रियाकलाप, न्यूनतम मापदण्ड तथा प्राविधिक पक्षहरु

१५. **फलफूल तथा टिमुर खेती विस्तार कार्यक्रमः** १) फलफूलको क्षेत्र विस्तार, बाँझो जमिनको सदुपयोग र आन्तरिक फलफूल उत्पादन वृद्धि गर्न स्थानीय सम्भाव्यता तथा माग र राष्ट्रिय प्राथमिकताका आधारमा स्याउ/ओखर/कागती/सुन्तला/जुनार/किवी/मेवा/सिँउडी फल/अनार/आँप/केरा/टिमुर लगायत अन्य

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फलफूलको स्थानीय स्तरमा व्यावसायिक रुपमा फलफूल खेती विस्तारका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषि उद्यमी, कृषक समूह,सहकारी,कृषि सँग सम्बन्धित समितिहरु हुने छन।

३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलापहरु देहाय बमोजिम हुनेछनः-

क) बगैंचा/क्षेत्रफल विस्तार कार्यक्रम

अ) बगैंचा रेखाङ्कन गर्ने, विरुवा रोप्न खाडल खन्ने, मल, ज्यामी ज्याला

आ) विरुवा खरिद

इ) कृषि औजार/उपकरण (सिकेचर, करौंती, स्प्रेयर)

ई) पूर्वाधार निर्माण/स्थायी संरचना (सिँउडी फल)

उ) सिँचाई पूर्वाधार निर्माण र व्यवस्थापन (सिँचाई पाईप, पोखरी निर्माण, प्लाष्टिक पोखरी समेत)

ऊ) रोग कीरा नियन्त्रण

ऋ) चक्लाबन्दी गरि सामुहिक रुपमा फलफूल तथा टिमुर लगाउने स्थानमा घेरबार सहयोग,

ऌ) बगैंचा स्थापना गर्ने किसानहरुका लागि खेती प्रविधि सम्बन्धी तालिम,

ख) सम्बन्धित फलफूल तथा टिमुर विशेषका नर्सरी सुदृढीकरण कार्यक्रमः

४) यस कार्यक्रमको अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

५) यस कार्यक्रममा न्युनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय निम्न बमोजिम हुनेछन।

क) चक्लावन्दी गरि एकै स्थानमा फलफूल तथा टिमुर विस्तारको लागि न्युनतम ५० रोपनी क्षेत्रफलमा बगैंचा स्थापना गर्ने कृषकहरुलाई विरुवा खरिद, बगैंचा रेखांकन, खाडल खन्ने ज्यामी ज्याला, कृषि औजार उपकरण तथा सिँचाई व्यवस्थापन, घेरवार आदिमा अनुदान उपलब्ध गराउने,

ख) समूह सदस्यको हकमा प्रत्येक कृषकले न्युनतम २ रोपनी क्षेत्रफलका हिसाबले फलफूल तथा टिमुर क्षेत्र विस्तार गर्नु पर्नेछ।

ग) फलफूल तथा टिमुर लगाउने जग्गाको लालपुर्जा तथा सामुहिक वा समूहमा चक्लाबन्दी गरि फलफूल लगाउने निर्णयको कागजपत्र,

घ) समूह तथा सहकारीबाट चक्लाबन्दी वा जग्गा एकिकृत गरि एकै स्थानमा फलफूल तथा टिमुर लगाउनेलाई प्राथमिकता दिईनेछ।

ङ) तोकिएको बालीमा मात्र कार्यक्रम सञ्चालन गरिनेछ।

च) यस कार्यक्रमको उदेश्य फलफूल तथा टिमुर खेतीको क्षेत्रफल विस्तार गर्ने रहेकाले विनियोजित बजेटको कम्तीमा ६०% बजेट क्षेत्रफल विस्तारका लागि खर्च गर्नु पर्नेछ।

छ) कार्यक्रम सञ्चालनका लागि आवश्यक विरुवा गुणस्तरीय स्रोत केन्दहरुबाट लिनुपर्नेछ।

१६. **व्यावसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रमः** १) फलफूलको क्षेत्र विस्तार, बाँझो जमिनको सदुपयोग र आन्तरिक फलफूल उत्पादन वृद्धि गर्न स्थानीय सम्भाव्यता तथा माग र राष्ट्रिय प्राथमिकताका आधारमा स्याउ/ओखर/कागती/सुन्तला/जुनार/किवी/मेवा/सिँउडी फल/अनार/आँप/केरा लगायत अन्य फलफूलको स्थानीय स्तरमा व्यावसायिक खेती प्रवर्द्धनका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित समूहमा कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषिसँग सम्बन्धित समितिहरु हुनेछन।

३) यस कार्यक्रम अन्तर्गतको बगैंचा स्थापना/क्षेत्रफल विस्तार क्रियाकलाप निम्न बमोजिम हुनेछन,

क. बगैंचा रेखाङ्कन गर्ने, विरुवा रोप्न खाडल खन्ने, मल, ज्यामी ज्याला,

ख. फलफूल विरुवा खरिद,

ग. सिँचाई पूर्वाधार निर्माण र व्यवस्थापन (सिँचाई पाईप, सिँचाई पोखरी निर्माण, प्लाष्टिक पोखरी, थोपा सिँचाई, स्प्रिङकलर सिँचाई)

घ. प्राङ्गारिक मल तथा शुक्ष्म खाद्यतत्व व्यवस्थापन।

ङ. कृषि औजार/उपकरण (सिकेचर, करौंती, स्प्रेयर आदि)

च. पूर्वाधार निर्माण/स्थायी संरचना (सिँउडी फल)

छ. नमूना फलफुल बगैंचा स्थापना प्रोत्साहन सहयोग,

ज. चक्लाबन्दीमा फलफूल खेती प्रवर्द्धन सहयोग,

झ. फलफूल बगैंचा स्थापना/सुदृढिकरणमा सहयोग,

ञ. फलफूल सङ्कलन केन्द्रको स्थापना/सुदृढिकरणमा सहयोग,

ट. बगैंचा स्थापना गर्ने किसानहरुका लागि खेती प्रविधि सम्बन्धी तालिम,

४) उपदफा (१) बमोजिमको कार्यक्रमका न्यूनतम शर्त/मापण्ड/प्रासङ्गिक विषय निम्न बमोजिम हुनेछन।

क. यस कार्यक्रम अन्तर्गत प्राविधिक हिसाबले उपयुक्त, व्यावसायिक सम्भावना भएका तथा स्थानीय महत्व भएका र तोकिएको फलफूल बालीमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ख. व्यवसायिक फलफूल खेती विस्तारको लागि कम्तिमा २ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना गर्ने कृषकहरुलाई विरुवा खरिद लगायत बगैंचा रेखाङ्कन, खाडल खन्ने ज्यामी ज्याला, कृषि औजार उपकरण तथा सिँचाई व्यवस्थापन आदिमा अनुदान उपलव्ध गराउन सकिनेछ।

ग. सम्बन्धित फलफूल विशेषका नर्सरी सुदृढिकरण कार्य सञ्चालन गर्न सकिनेछ।

घ. यस कार्यक्रमको उदेश्य फलफूल खेतीको क्षेत्रफल विस्तार गर्ने समेत रहेकोले विनियोजित बजेटको कम्तिमा ५५% बजेट फलफूलको क्षेत्र विस्तारसँग सम्बन्धित क्रियाकलापहरुका लागि खर्च गर्नुपर्नेछ। तथापि सुन्तलाजात फलफूल नर्सरीमा जालीघर निर्माण गरिने भएमा बजेटको खर्च प्रतिशत थपघट गर्न सकिनेछ।

ङ. कार्यक्रम सञ्चालनका लागि आवश्यक विरुवा शुद्ध जातिय गुण भएको स्वस्थ र आधिकारिक स्रोतबाट लिएको हुनुपर्नेछ।

च. व्यावसायिक फलफूल खेतीमा प्रयोग हुने विरुवाको न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय तोकिए बमोजिम हुनुपर्नेछ।

**१७. कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रमः** १) कृषि यान्त्रिकीकरण गर्न कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादनोपरान्त कार्यका लागि मेशिनरी औजार, यन्त्र, उपकरणहरु वितरण गर्नुपर्नेछ।

२) अनुदानको रकमको सीमा दफा (५) बमोजिम हुनेछ।

३) लाभग्राही कृषि पेशामा सङ्लग्न भएको हुनुपर्नेछ।

४) अनुदान प्राप्त करषि यन्त्र उपकरणहरु अरुलाई बिक्रि वितरण गर्न पाईने छैन।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

५) उपदफा (२) बमोजिमको अनुदान वितरणका लागि देहाय बमोजिमको कार्यक्रम सञ्चालन प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

क. दफा (३) बमोजिमको समितिले स्वीकृत बजेटको परिधीमा रहि अनुदानमा उपलब्ध गराउने कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादनोपरान्त कार्यका लागि प्रयोग हुने मेशिनरी औजार, अन्य उपकरणहरुको विवरण तयार गर्ने,

ख. दफा (६) बमोजिमको ढाँचामा यन्त्र उपकरण मागका लागि सार्वजनिक सूचना आव्हान गर्नुपर्नेछ।

ग. खरिद कार्य प्रचलित ऐन नियमावली बमोजिम गर्नु पर्नेछ।

घ. लाभग्राहीहरुको छनौट दफा (९) बमोजिमको मूल्याङ्कन समितिले गर्नेछ।

ङ. कृषकको साजेदारी रकम कार्यालयको आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

च. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

**१८.तरकारी खेती प्रवर्द्धन कार्यक्रम/व्यवसायिक तरकारी उत्पादन कार्यक्रमः** १) तरकारी बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरि तरकारीको आन्तरिक उपलब्धता वृद्धिका लागि तरकारी खेती प्रवर्द्धन कार्यक्रम/ व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

२) यस कार्यक्रमको लक्षित वर्गमा कृषक/कृषक समूह/कृषि सहकारी/उद्यमी  रहने छन।

३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरु निम्न बमोजिम हुनेछन।

क. तरकारी उन्नत बीउ, मल, बाली संरक्षण सम्बन्धित प्राविधिक सेवा तथा सामग्री,

ख. कृषि औजार एवम् उपकरण सहयोग,

ग. साना सिँचाई निर्माण तथा मर्मत सम्भार,

घ. सिल्पाउलिन प्लाष्टिक र थोपा सिँचाई वितरण,

ङ. अभिमुखिकरण/क्षमता अभिवृद्धि तालिम, समन्वय बैठक,

४) व्यवसायीक तरकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न कृषक/फर्मको हकमा न्युनतम २ रोपनी क्षेत्रफलको जग्गा हुनुपर्नेछ।

**१९.साना सिँचाई निर्माण कार्यक्रमः** १) सिँचाई संरचनाहरुको निर्माण, मर्मत सम्भार तथा आधुनिक सिँचाई प्रविधिहरुको प्रयोग र विस्तार गरि खेति योग्य जग्गामा सिँचाईको सुविधा सुनिश्चित गर्न तथा सिँचित क्षेत्रको विस्तार गरि कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउनका लागि साना सिँचाई कार्यक्रम सञ्चालन गरिनेछ।

२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित समूहमा कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, र समितिहरु रहने छन।

३) साना सिँचाई पूर्वाधार निर्माण खरिद सम्बन्धी कार्य प्रचलित ऐन नियमावली बमोजिम आफै वा उपभोक्ता समिति मार्फत पनि गराउन सकिनेछ।

४) उपदफा (१) बमोजिमको कार्यक्रमका प्रमुख क्रियाकलापहरु र प्राविधिक पक्षहरु निम्न बमोजिम रहनेछनः-

क. साना सिँचाई पूर्वाधार निर्माण/स्तरोन्नति तथा मर्मत सुधार,

ख. सिँचाई पोखरी, कुलो, इनार, कुवा, प्लाष्टिक पोखरी, सिँचाई पाईप, मोटर निर्माण र जडान,

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ग. नविन सिँचाई प्रविधि (थोपा सिँचाई, स्प्रिङकलर सिँचाई, सौर्य उर्जामा आधारित लिफ्ट सिँचाई, आदि) निर्माण तथा जडान,

घ. प्रत्येक साना सिँचाई कार्यक्रमबाट कम्तिमा ५० रोपनी जमिन सिँचित भएको हुनपर्नेछ।

ङ. यो कार्यक्रम सञ्चालन गर्दा निर्माण कार्य अनुदानग्राही आफैले गर्नुपर्नेछ।

च. सिँचाईका लागि पानीको स्रोत (मुहान/खोला/भूमिगत जल) वर्षभरि पर्याप्त हुनुपर्ने, सुक्खायामको बहाव नापिएको हुनुपर्नेछ।

छ. सिँचाई गरिने क्षेत्र खेती भइरहेको हुनुपर्ने, पहिरोको उच्च जोखिम नभएको भू-भाग हुनुपर्नेछ।

५) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा आर्थिक पक्षहरु निम्न बमोजिम रहनेछन:-

क. स्वीकृत बजेटको परिधि भित्र रहि उपदपा (३) का कार्यहरु मध्ये कुनै एक वा एक भन्दा बढि कार्यका लागि कुल लागतको अधिकतम ८५% अनुदान उपलब्ध गराउन सकिनेछ।

ख. कुल लागतको कम्तीमा १५% देखि ३०% सम्म लाभग्राही समूहले नगद, श्रमदान, वा जिन्सीको रूपमा वेहोर्नुपर्नेछ।

ग. एउटा साना सिँचाई आयोजनाका लागि गाउँपालिकाले प्रदान गर्ने अधिकतम अनुदान रू १२ लाख सम्म हुनेछ।

२०. **सिमी बाली प्रवर्द्धन कार्यक्रमः** १) सिमी बालीको उन्नत खेती प्रविधि विस्तार, उत्पादन एवम् उत्पादकत्व वृद्धि, उत्पादन विविधिकरण र बजारीकरणमा सहयोग गरि सिमीको व्यावसायीकरण गर्दै खाद्य तथा पोषण सुरक्षामा योगदान लगायत कृषकको आयस्तरमा सुधार ल्याउने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारीहरु रहनेछन।

३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछः-

क. क्षेत्रफल विस्तार,

ख. उन्नत/स्थानीय बीउ कीट वितरण (उन्नत एवम् स्थानीय स्तरमा लोकप्रिय जातको बीउ समेत वितरण गर्न सकिनेछ)

ग. उत्पादन सामग्री तथा पोष्ट हार्भेष्ट सामग्री सहयोग,

घ. कृषकस्तर उन्नत सिमी खेती प्रविधि सम्बन्धी स्थलगत तालिम सञ्चालन,

ङ. साना तथा मझौला कृषि मेसिनरी तथा उपकरण सहयोग,

च. साना सिँचाई सहयोग/मर्मत सम्भार,

४) उपदफा (१) बमोजिमको कार्यक्रमका न्यूनतम शर्त/मापण्ड/प्रासङ्गिक विषय निम्न बमोजिम हुनेछन।

क. यस कार्यक्रमको उदेश्य सिमी खेतीको क्षेत्रफल विस्तार गरि उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने रहेकोले विनियोजित बजेटको कम्तिमा ६०% बजेट सिमी क्षेत्र विस्तारसँग सम्बन्धित क्रियाकलापहरुका लागि खर्च गर्नुपर्नेछ।

ख. समूह तथा सहकारीबाट चक्लाबन्दी वा जग्गा एकिकृत गरि एकै स्थानमा सिमी लगाउनेलाई प्राथमिकता दिईनेछ।

ग. कृषकको हकमा २ रोपनी र समूहको हकमा २.५ हेक्टर क्षेत्रफल हुनुपर्ने,

घ. सम्भव भए सम्म स्थानीय स्रोत साधन, सीप, क्षमता र जनशक्तिको प्रयोग गर्नुपर्ने,

ङ. सिमी खेती गरिरहेको कृषक/समूह/सहकारीलाई प्राथमिकता दिईनेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

२१.**अन्तर जिल्ला कृषक भ्रमणः** १) एक जिल्लाका कृषकहरुलाई अर्को जिल्लाको व्यावसायिक उत्पादन स्थल/नविनतम प्रविधि/उच्च प्रविधि अपनाईएका सरकारी फार्म, अनुसन्धान केन्द्र वा निजी फार्महरुमा अवलोकन गराई हेरेर प्रेरणा लिने अवसर दिन र आफ्नो जिल्लामा फर्केपछि त्यसलाई अपनाउने अभिप्रायले अन्तर जिल्ला कृषक भ्रमण गराईनेछ। कृषकहरुलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुर्याउने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

२) कार्यक्रमको प्राविधिक एवम व्यवस्थापकिय पक्ष तपशिल बमोजिम हुनेछः-

क. भ्रमणका लागि केहि पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गर्नुपर्नेछ।
ख. भ्रमण कार्यक्रम (अवलोकन स्थल, बस्ने स्थान, यातायात, सञ्चार व्यवस्था आदि) अग्रिम रुपमा तयार गरि भ्रमण गरिने स्थल एवम् सम्बन्धित व्यक्तिहरु तय गरि भ्रमण कार्यक्रम तय गर्नुपर्नेछ।
ग. भ्रमणको सुरुमा परिचय लिने दिने गरि कार्यक्रम स्पष्ट रुपले बताई दिनु पर्नेछ।
घ. भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनु पर्नेछ
ङ. हरेक दिन भ्रमणको उपलव्धी समिक्षा गर्नुपर्नेछ।
च. अन्त्यमा समापन समिक्षा गरि सहभागीहरुको तर्फबाट समेत आगामी दिनमा गर्नुपर्ने विषयमा छलफल गर्नुपर्नेछ।
छ. कृषकहरु बढीमा ३० जना सम्म सहभागी गर्न सकिनेछ।
ज. सहजीकरणका लागि कार्यालयबाट बढिमा ५ जना सहभागी गर्न सकिनेछ।
झ. यस्तो भ्रमण ३-७ दिन सम्मको गर्न सकिनेछ।

३) भ्रमण खर्चमा निम्नानुसारका शिर्षकमा खर्च गर्न सकिनेछ।

क. प्रशिक्षण भत्ता,
ख. खाजा खर्च,
ग. खाना खर्च
घ. आवाश खर्च,
ङ. स्टेशनरी खर्च,
च. यातायात खर्च,
छ. सामान्य औषधी कीटबक्स,
ज. विविध,

४) खर्च सम्बन्धी मापदण्ड प्रचलित कानुन बमोजिम हुनेछ।

२२.**बाखा पालन मार्फत जिविकोपार्जन सुधार कार्यक्रमः** १) दलित, विपन्न वर्ग, एकल महिला, हिंसा पिडित वर्ग/समूहलाई प्राथमिकता दिईनेछ।

२) यो कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछन।

क) बाखा वा बोका खरिद तथा ढुवानी,
ख) प्रति सदस्य ३-५ वटा बाखाका दरले उपलव्ध गराउनु पर्ने,
ग) प्रत्येक कलष्टरमा १५-२५ सदस्य समेट्ने गरि कार्यक्रम सञ्चालन गर्नुपर्ने,

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

घ) प्रति २५ बाख्राको लागि १ वटा बोका वितरण गर्नुपर्ने,
ङ) गोठ, खोर निर्माण र सुधार तथा मलमुत्र व्यवस्थापन,
च) आहारा व्यवस्थापन,
छ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यक्रम,
ज) कृषक स्तर बाख्रापालन स्थलगत तालिम सञ्चालन,

३) प्रजनन योग्य बाख्रा/भेडा/बोका/थुमामा हुनुपर्ने गुणहरु देहाय बमोजिम हुनुपर्नेछ-

क. प्रजनन माउ बाख्रा/भेडामा हुनुपर्ने गुणहरु

- दुई वा दुई भन्दा बढि पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने,
- माउ बाख्राको माउ र बाउकोबीच नाता नभएको हुनुपर्ने,
- पहिलो पटक ब्याउने उमेर बढिमा १७ महिना सम्म हुनुपर्ने,
- न्यूनतम १-२ वर्ष उमेर समूहको हुनुपर्ने,
- न्यूनतम शारीरिक तौल २५ के.जी भन्दा माथि हुनुपर्नेछ।
- कम्तिमा २ वर्षमा ३ पटक ब्याउने विशेषता भएको हुनुपर्ने,
- छनौट गरिने बाख्राको जात अनुसार जातिय गुण प्रष्ट देखिने हुनुपर्ने,
- राम्रो दुध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, छिनो आकारको शारीरिक बनावट तथा कल्चौडो र थुन मिलेको हुनुपर्ने,
- शारीरिक बनावटमा कुनै खोट नभएको, प्रजनन तथा अन्य रोग नभएको हुनुपर्ने,
- छनौट गर्ने बाख्राले स्थानीय हावापानी सहन सक्ने र स्थानीय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनुपर्दछ।

ख. प्रजनन बोका/थुमामा हुनुपर्ने गुणहरुः

- दुई वा दुई भन्दा बढि पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने,
- माउ बाख्राको माउ र बाउको बीच नाता नभएको हुनुपर्ने,
- प्रजननको लागि छनौट गरिने बोका, थुमा राम्रो दुध दिने माउबाट जन्मेको हुनुपर्ने,
- आफ्नो दौतरीहरुको भन्दा बढी शारीरिक वृद्धिदर भएको छनौट हुनुपर्ने,
- छनौट गरिने बिका/थुमाहरुको जात अनुसार जातीय गुण प्रष्ट देखिने हुनुपर्ने,
- न्यूनतम १.५ – २.५ वर्ष उमेर समूहको हुनुपर्ने,
- न्यूनतम शारीरिक तौल ४० के.जी भन्दा माथि हुनुपर्नेछ।
- दुवै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकारको हुनुपर्ने,
- फुर्तिलो, दानापानी रुचाएर खाने, छाला रौं सफा र चम्किलो, उमेर अनुसाार शारीरिक वृद्धि भएको हुनुपर्ने,
- चौडा छाती, सिधा तथा बलियो खुट्टा र टाउको तथा गर्धनको अनुपात मिलेको शरीर हुनुपर्ने,
- प्रजनन सम्बन्धी रोग तथा अन्य रोगबाट मुक्त हुनुपर्ने,
- वर्णशंकर बोका/थुमामामा कम्तिमा ५०% जातीय गुण हुनुपर्ने,

**२३. भेडा प्रवर्द्धन कार्यक्रमः** १) भेडाको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र भेडाजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



देवराज शाही (अक्की)
अध्यक्ष
ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

क. भेडा थुमा खरिद तथा ढुवानी,
ख. गोठ निर्माण, सुधार तथा मलमुत्र व्यवस्थापन,
ग. चरन खर्क, आहारा व्यवस्थापन, औषधी उपचार, परिजिवी नियन्त्रण तथा खोप कार्यक्रम,
घ. स्थानीय तहमा उन तथा मासु उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री,

२४. **बाख्रा प्रवर्द्धन कार्यक्रमः** १) बाख्राको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र भेडाजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

क. बाख्रा तथा बोका खरिद तथा ढुवानी,
ख. गोठ निर्माण, सुधार तथा मलमुत्र व्यवस्थापन,
ग. चरन खर्क, आहारा व्यवस्थापन, औषधी उपचार, परिजिवी नियन्त्रण तथा खोप कार्यक्रम,
घ. स्थानीय तहमा उन तथा मासु उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री,

२५. **गाईभैंसी प्रवर्द्धन कार्यक्रमः** १) गाईभैंसीको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र गाईभैंसी जन्य उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

क. गाईभैंसी खरिद तथा ढुवानी,
ख. गोठ निर्माण, सुधार तथा मलमुत्र व्यवस्थापन,
ग. चरन खर्क, आहारा व्यवस्थापन, औषधी उपचार, परिजिवी नियन्त्रण तथा खोप कार्यक्रम,
घ. स्थानीय तहमा दुध उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री,

२६. **बङ्गुर प्रवर्द्धन कार्यक्रमः** १) बङ्गुरको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र बङ्गुर जन्य उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

क. बङ्गुर तथा प्रजनन योग्य भाले खरिद तथा ढुवानी,
ख. गोठ निर्माण, सुधार तथा मलमुत्र व्यवस्थापन,
ग. आहारा व्यवस्थापन, औषधी उपचार, परिजिवी नियन्त्रण तथा खोप कार्यक्रम,
घ. स्थानीय तहमा मासु उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री,

२७.**पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण अनुदान सहयोग कार्यक्रमः** १) पशुपन्छी पालन व्यवसायको गुणस्तरमा सुधार ल्याउने, स्वच्छ तथा स्वच्छ दुध/मासु/अण्डा उत्पादनमा सहयोग पुर्याउने, पशुपन्छी पालन व्यवसायको उत्पादन लागत घटाउन सहयोग पुर्याउने र पशुपन्छीपालन व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

२) यो कार्यक्रम कार्यान्वयनका लागि देहाय बोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछन।

क. गोठ/खोर निर्माण तथा सुधार,
ख. मलमुत्र व्यवस्थापन,

३) उपदफा (१) बमोजिमको कार्यक्रमका न्यूनतम शर्त/मापण्ड/प्रासङ्गिक विषय निम्न बमोजिम हुनेछन।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



देवराज शाही (अक्षी)
अध्यक्ष
ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

क. गाईभैंसीको हकमा कम्तिमा १० माउ गाईभैसी, भेडाबाखापालनको हकमा कम्तिमा ५० माउ भेडा वा बाखा, कुखुरापालनको हकमा कम्तिमा १५०० कुखुरापालन गरिरहेको कृषकहरुको पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणका लागि लागतको बढिमा ५०% अनुदान पाउनेछन।

ख. कार्यालयको अनुदान रकम गाईभैंसीको हकमा २,५०,०००/- ,भेडाबाखाको हकमा २,००,०००/- र कुखुराको हकमा १,५०,०००/- भन्दा बढि हुने छैन।

ग. अनुदान रकम नियमानुसार एक आर्थिक वर्षका लागि माटत्र उपलब्ध हुनेछ।

घ. एकपटक अनुदान पाएको व्यक्ति वा संस्थाले आगामी दुई आ.वमा अनुदान पाउने छैन साथै अन्य निकायबाट यस क्षेत्रमा यसै प्रयोजनका लागि अनुदान पाएका कृषक तथा संस्थाले यो अनुदान पाउने छैन।

ङ. एक कृषकले एक व्यवसायको लागि मात्र अनुदान पाउनेछ।

च. पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि अनुदान लिन चाहने कृषकले भाडामा लिएको जमिनमा गोठ वा खोर निर्माण गर्न चाहेमा जमिन भाडाका अवधी न्यूनतम ५ वर्षको हुनेछ।

छ. अनुदानबाट निर्माण हुने गोठ र खोरको नमूना र नक्सा सम्बन्धित पशु सेवा शाखाले उपलब्ध गराउनेछ। यस्तो नमूना तथा नक्सा निर्माणको लागि लाग्ने खर्चको व्यवस्था सम्बन्धित पशु सेवा शाखाको कार्यक्रममा राखिनेछ।

२८.**भेडा तथा बाखा स्रोत केन्द्र कार्यक्रमः** १) भेडाबाखाको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्दै उच्च प्रजननमान भएका नश्लहरुको उत्पादन तथा वितरण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा सहभागी हुन लाभग्राहीसँग न्युनतम २० वटा प्रजनन योग्य माउ बाखा तथा भेडा भएको हुनुपर्नेछ।

क. उच्च प्रजनन मान भएका भेडाबाखा खरिद तथा ढुवानी गर्ने

ख. जलवायुमैत्री खोर निर्माण तथा सुधार,

ग. घाँसेबाली तथा आहारा व्यवस्थापन तथा चरन खर्क सुधार,

घ. औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्यक्रम,

२९. **कृषक प्रोत्साहन कार्यक्रमः** १) नियमानुसार दर्ता भएका उद्यमी/फर्म/समूह/सहकारीलाई विशेष प्राथमिकता दिईनेछ।

२) यो कार्यक्रम कार्यान्वयनका लागि पशुपन्छी विकास कार्यक्रमको हकमा देहाय बोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछन।

क) गोठालाको लागि अत्यावश्यक सामग्री व्यवस्थापन (टेन्ट, गमबुट, टर्च, रेनकोट, सोलार, पाल, पालिस, कैंची)

ख) स्थानीय स्तरमा पश्मिना उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामग्री,

ग) अधिकतम ७५% मूल्य अनुदानमा वितरण गर्न सकिनेछ।

३) यो कार्यक्रम कार्यान्वयनका लागि कृषि विकास कार्यक्रमको हकमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

क) कृषकहरुलाई अति आवश्यक करेसाबारी सञ्चालनका लागि तरकारी बीउको कम्पोजिट प्याकेज व्यवस्थापन,

ख) तरकारी/फलफूल खेती गर्दा आवश्यक साना कृषि औजारहरु व्यवस्थापन।

४) कम्पोजिट बीउ प्याकेज प्रति कृषक अधिकतम तीन सय रुपैंया सम्म निशुल्क उपलब्ध गराईनेछ। भने स-साना कृषि औजारहरुमा अधिकतम प्रति कृषक पाँच सय रुपैंया सम्म निशुल्क उपलब्ध गर्न सकिनेछ।

३०. **पशु स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमः** १) नियमित सेवाको पहुँच भन्दा टाढा रहेको कृषक तथा उद्यमीहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउन, पशुपन्छीको रोग निदान उपचार र रोग नियन्त्रणमा सहयोग पुर्याउन पशु स्वास्थ्य तथा भेटेरेनरी जन स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न देहायका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

क) पशु स्वास्थ्य शिविर सम्बन्धी प्रचारप्रसार,

ख) औषधी तथा खोप सेवा सञ्चालन,

ग) बाँझोपन पहिचान तथा उपचार सेवा,

घ) अस्थायी ट्रेविज निर्माण,

ङ) पशु बन्ध्याकरण, माईनर सर्जिकल उपचार लगायत अन्य सेवा।

२) उपदफा (१) बमोजिमको सञ्चालन हुने कार्यक्रमको अनुदान रकम र अधिकतम सिमा देहाय बमोजिम हुनेछ।

क) प्रत्येक शिविर सञ्चालन तथा व्यवस्थापन रकम अधिकतम एक लाख पचाँस हजार सम्म र वार्षिक रुपमा १ वटा शिविर,

ख) निशुल्क सेवा प्रवाह गर्ने,

३१. **तरकारी वालीको उन्नत बीउ वितरण कार्यक्रमः** १) कुनै स्थान विशेषमा सफलता पाएको वा उत्पादन तथा उत्पादकत्व बढी भएका उन्नत जातको प्रयोग गरि खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्नु सकिनेछ।

ख) हिंउदे तथा वर्षे तरकारी बालीका उन्नत जातहरुको कम्पोजिट प्याकेज प्रचलित कानुन बमोजिम खरिद, ढुवानी एवं वितरण।

ग) व्यवसायिक कृषकहरुलाई विशेष प्राथमिकता दिईनेछ।

घ) लाभग्राहीहरुको अभिलेख राखुपर्नेछ।

२) कम्पोजिट बीउ प्याकेज प्रति कृषक अधिकतम रू तीन सय रुपैंया सम्म निशुल्क उपलब्ध गराउन सकिनेछ।

३२. **आकस्मिक वाली संरक्षण सेवा कार्यक्रमः**१) अनपेक्षित रुपमा रोग, कीराको प्रकोपबाट बालीनालीलाई हुने क्षतिलाई कम गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

२) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ,

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

क. रोग कीराको प्रकोप देखिना साथ कृषि प्राविधिक/कृषकले प्रकोपको विवरण सहित नियन्त्रणको जानकारी शाखामा गर्नुपर्नेछ।

ख. कार्यालयले वाली संरक्षणमा प्रयोग हुने आवश्यक पर्ने जैविक विषादी, रासायनिक विषादी, हर्मोन, भिटामिन, स्प्रेयर, डष्टर, विषादी, पञ्जा, चस्मा, मास्क, एप्रोन, बुट लगायतका सामग्री एकिन गर्ने र प्रचलित कानुन बमोजिम खरिद गरि प्रकोप नियन्त्रण गर्न प्राविधिक सहित कृषक/कृषक समूह/कृषि फर्मलाई परिचालन गरि समस्या व्यवस्थापन तथा निदान गर्न सकिनेछ।

ग. विषादीको सुरक्षित प्रयोग सम्बन्धी जनचेतनामूलक पोष्टर/पम्पलेट प्रकाशन र वितरण,

घ. जनचेतनामूलक सामग्रीहरु उत्पादन तथा रेडियो/सामाजिक सञ्जाल लगायतका आमसञ्चार माध्यम मार्फत प्रसारण कार्यक्रम/सडक नाटक/स्थलगत सचेतना कार्यक्रम,

३) क्षतिको प्रकृति हेरि कृषक/कृषि फर्म/कृषक समूह वा कृषि सहकारी संस्थालाई १००% सम्म अनुदानमा उपलव्ध गराउन सकिनेछ।

**३३. पालिका स्तरिय कृषकस्तर तालिम कार्यक्रमः** १) पालिका स्तरीय तालिम भन्नाले स्थानीय तहको कृषि तथा पशु सेवा शाखाले सञ्चालन गर्न तालिम भन्ने बुझिन्छ। यस्तो तालिम १-३ दिन सम्म सञ्चालन गर्न सकिन्छ। तालिममा सामान्यतया २५-३० जना कृषकहरु सहभागी हुन्छन। कृषकहरु घरबाट आउने जाने गरि तालिममा सहभागी हुन्छन। कृषकहरुको ज्ञान, सीप र धारणामा अभिवृद्धि ल्याउन, नविनतम प्रविधिहरुको प्रचारप्रसार र हस्तान्तरण गर्न र प्रविधिको अनुसरण गर्न उत्प्रेरित गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

२) कार्यक्रमको प्राविधिक पक्ष देहाय बमोजिम हुनेछः-

क. तालिममा सहभागी छनौट गर्दा समूहमा योगदान पुर्याएको, आफुले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रहि गाउँको कृषि तथा पशुपन्छी विकासमा केहि गरौं भन्ने भावना भएको कृषकहरु सहभागी गराउनु पर्नेछ।

ख. तालिममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ।

ग. तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरुसँग मिलि तालिम कार्यक्रम तयार गरि तालिम संयोजकले निम्नानुसारका कार्यहरु गर्नुपर्नेछ।

- सहभागी हुने कृषकहरुलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने,
- शैक्षिक सामग्रीहरु (श्रव्य-दृष्य सामग्रीहरु) को व्यवस्था मिलाउने,
- तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरुसँग पूर्व सम्पर्क राखि कार्यक्रम निश्चित गर्ने,

घ. एउटा कक्षाको अवधी कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्नेछ।

ङ. तालिममा १ दिनमा बढिमा ४ वटा कक्षा सम्म सञ्चालन गर्न सकिनेछ।

च. कार्यपत्र तयार गर्दा प्रशिक्षार्थीहरुको स्तर सुँहाउदो शव्दावलीहरु तथा भाषा प्रयोग गर्नुपर्नेछ। उक्त कार्यपत्र कम्तिमा ७५० शब्दको प्रवन्ध सम्झनुपर्दछ। पारदर्शक पाना, प्रस्तुतिकरण टिपोट वा प्रस्तुतिकरणको प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामग्रीको छाँयापत्र कार्यपत्र हुदैन।

छ. एक पटक प्रस्तुत गरेको कार्यपत्र पुनः प्रयोग गर्न परेको खण्डमा उक्त कार्यपत्रमा आधुनिक प्रविधिहरु समेत समावेश गरि परिमार्जन गरेर मात्र प्रयोग गर्ने,

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



देवराज शाही (अग्नी)
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ज. प्रस्तुत गरिने कार्यपत्रमा प्रशिक्षार्थीहरुको स्तर, कार्यपत्रको शिर्षक, प्रस्तुतकर्ताको नाम, पद तथा प्रस्तुत गरेको मिति समेत उल्लेख गर्नुपर्नेछ।

झ. सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वाफतको पारिश्रमिक नपाउने तर कार्यपत्र वाफतको पारिश्रमिक रकम पाउन सक्नेछ।

ञ. संयोजक तालिम अवधीमा विदा बसेमा भत्ता नपाउने र संयोजकको काम सहयोगीले गरे वाफत संयोजकले पाउने भत्ता पाउने छैन।

३) कार्यक्रमको आर्थिक पक्ष निम्न बमोजिम हुनेछः-

क. तालिम सम्बन्धी स्वीकृत सरकारी दररेट अनुसार आवश्यक वस्तु तथा सेवा खरिद गरि सञ्चालन गर्न सकिनेछ।

ख. कार्यक्रमका खर्च शिर्षकहरु निम्नानुसार हुनेछन।

- कार्यपत्र पारिश्रमिक,
- प्रवचन पारिश्रमिक,
- सहभागी भत्ता/आतेजाते
- खाजा खर्च,
- मसलन्द,
- तालिम सामग्री,
- वस्तुगत टेवा,
- प्रतिवेदकको पारिश्रमिक,
- विविध,

३४. **माटो परिक्षण शिविर सञ्चालन कार्यक्रमः**१) कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुका साथै स्थलगत रुपमा माटोको विश्लेषण गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिस गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

२) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

क) माटो परिक्षण शिविर सञ्चालन गर्नु अगावै शिविर बस्ने स्थान र समय तथा नमूना संकलन विधि बारे जानकारी गराउनु पर्नेछ।

ख) प्रदेश स्तर माटो तथा मल परिक्षण प्रयोगशालाले माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवाहरु (सशुल्क वा निशुल्क) उपलब्ध गराउनु पर्नेछ।

ग) शिविर व्यवस्थापन,

घ) यन्त्र, उपकरण खरिद,

ङ) शिविरमा माटो परिक्षण गराउने कृषकहरुलाई नतिजा तथा सिफारिस समेटिएको Soil Health Card उपलव्ध गराउनु पर्नेछ।

च) माटो व्यवस्थापन तालिमसँग आवद्ध गरि माटो परिक्षण शिविर सञ्चालन गर्नुपर्नेछ।

छ) प्राविधिक मापदण्ड

- माटो परिक्षण शिविर सञ्चालन दिन नमूना संख्या अनुसार निर्धारण गरिनेछ।
- प्रत्येक दिन माटो परिक्षण न्यूनतम (५० नमूनाको PH, N, P, K) गर्नु पर्नेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

- १ दिन नतिजा वितरण तथा माटो व्यवस्थापन तालिम/अन्तरक्रिया सञ्चालन गर्नु पर्नेछ।

३) कार्यक्रमको आर्थिक पक्ष स्वीकृत सरकारी दररेट अनुसार खर्च गर्न सकिनेछ।

**३५. पशुपन्छी उपचार सेवा कार्यक्रमः** १) यो कार्यक्रम उन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

क) पशुपन्छीमा लाग्ने रोग नियन्त्रणका लागि औषधी प्रचलित कानुन बमोजिम खरिद, ढुवानी र वितरण।

ख) पशुपन्छी तथा मत्स्यहरुको उपचार सेवा,

ग) सचेतना कार्यक्रम सञ्चालन,

घ) व्यवसायिक कृषकहरुलाई विशेष प्राथमिकता दिईनेछ।

ङ) लाभग्राहीहरुको अभिलेख राख्नुपर्नेछ।

**३६. पशुपन्छीमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रमः** १) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

क. औषधी तथा खोप खरिद र उपचार कार्य,

ख. खोप व्यवस्थापन कार्य,

ग. नमूना सङ्कलन तथा सम्प्रेषण,

घ. आउटब्रेक अन्वेषण तथा व्यवस्थापन,

ङ. ईपिडिमियोलोजिकल सूचना सङ्कलन प्रविष्ट तथा प्रेषण,

**३७. पशुपन्छी आहारा व्यवस्थापन कार्यक्रमः** १) यो कार्यक्रम उन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

क) वर्षे, हिंउदे, बहुवर्षे, डालेघाँस आदिको बीउ बेर्ना प्रचलित कानुन बमोजिम खरिद, ढुवानी र वितरण।

ख) व्यवसायिक कृषकहरुलाई विशेष प्राथमिकता दिईनेछ।

ग) लाभग्राहीहरुको अभिलेख राख्नुपर्नेछ।

२) निशुल्क उपलब्ध गराउन सकिनेछ।

**३८. कृत्रिम गर्भाधान कार्यक्रमः** १)पशुको नश्ल सुधार गर्नका लागि यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

क. कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक फ्रोजन सिमेन र तरल नाईट्रोजन खरिद ढुवानी र वितरण,

ख. कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि लजिष्टिक (ग्लोब, सिथ, थईङ्ग किट, एप्रोन, गम्बुट र ए.आई. गन व्यवस्थापन)

ग. कृत्रिम गर्भाधान अभिलेख व्यवस्थापन तथा अनिवार्य प्रेषण।

## परिच्छेद-४
## विविध

देवराज शाही
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

३९. **सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्नेः**

१) कार्यक्रमको विषयमा पारदर्शिताका लागि सार्वजनिक सुनुवाई गर्नुपर्नेछ।

२) कार्यालयले अनुदान सम्बन्धी विवरण वेवसाईट, सूचनापाटी र बुलेटिन मार्फत नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ।

३) कार्यालयले अनुदानको अभिलेख राखी सोको विवरण अद्यावधिक समेत गर्नुपर्नेछ।

४) सञ्चालन भएको कार्यक्रमको बारेमा अनुदानग्राहीले अनुसूची-६ बमोजिमको जानकारीमूलक होडिङबोर्ड कार्यक्रम स्थलमा राख्नुपर्नेछ।

४०. **बीमा गर्नुपर्नेः** १) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने लाभग्राहीले पशुपन्छी तथा मत्स्य बीमा गर्नु पर्नेछ।

२) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्न कृषि बीमामा आवद्ध कृषकहरुलाई प्राथमिकतामा राखिनेछ।

३) यो कार्यविधि अनुसार व्यवसायिक कार्यका लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीले फर्म/भौतिक पूर्वाधारको समेत बीमा गर्न सक्नेछन।

४) अनुदानग्राहीले कृषि सम्बन्धी बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्नेछ।

४१.**अनुदानग्राहीलाई दिईने अनुदान उल्लेख गर्नुपर्नेः** १) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरि सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरि लागु गर्नु पर्नेछ।

४२. **दोहोरो सुविधा लिन नपाउनेः** १) अनुदानग्राहीले एउटै कामका लागि संघ, प्रदेश, स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन.

तर अन्य साझेदार निकायहरुसँग स्पष्टसँग सम्झौता भई लागत ईष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अबस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

२) अनुदान प्रबाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरुलाई प्राथमिकता दिनुपर्नेछ।

तर वहुवर्षिय प्रकृतिका आयोजना तथा एकै कृषक/फर्म समूह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरि अनुदान प्राप्त गर्न बाधा पर्ने छैन।

४३.**कार्यक्रमको दोहोरोपनाः** १) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय, प्रदेश स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनाहरुसँग दोहोरोपना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

४४.**जिम्मेवारी सम्बन्धीः** १) अनुदानग्राहीले अनुदान उपयोग गर्दा वित्तीय अनुसासन कायम गर्नुपर्ने एवं वित्तीय उत्तरदायित्व बहन गर्नुपर्नेछ।

२) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

३) कुनै विशेष कारणबस वा काबु बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समय सीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्यमं जिम्मेवार हुनेछ।

४५. **सम्झौता बमोजिम हुनेः** १) यस कार्यविधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति बेगर तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल र संरचना स्वरुप परिवर्तन, विक्रि वितरण कार्य गर्न पाईने छैन।

२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तिमा सम्झौता तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नु पर्नेछ।

४६. **गुनासो व्यवस्थापनः** १) अनुदानग्राहीको अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा कार्यालयमा निवेदन दिन सक्नेछन।

२) उपदफा (१) बमोजिम स्थानीय तहले गुनासो व्यवस्थापनन गर्नु पर्नेछ।

४७.**व्याख्या, संशोधन र बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविद्या उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा आवश्यक निर्णय गरि स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

४८.**प्रचलित कानुन बमोजिम हुनेः** १) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाईएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानुन बमोजिम हुनेछ।

४९.**अनुसूची हेरफेर वा थपघटः** आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सकिनेछ।

५०.**कार्यविधिको संशोधन तथा खारेज गर्न सक्नेः** यस कार्यविधिलाई आवश्यकता अनुसार स्थानीय तहले संशोधन तथा खारेज गर्न सक्नेछ।

५१.**खारेजी र बचाउः** १) यस कार्यविधि स्वीकृत हुनुपूर्व भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

देवराज शाही
अध्यक्ष

देवराज शाही (अग्नी)
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -१

(दफा (६) को उपदफा (१) सँग सम्बन्धित)

<u>प्रस्ताव आव्हानको सूचना</u>

<u>प्रथम पटक सूचना प्रकाशित मितिः</u>

यस कार्यालयको आ.व ......................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" बमोजिम देहायका कार्यक्रमहरु साझेदारी गर्न ईच्छुक फर्म, उद्यमि, समूह, सहकारी तथा समितिहरुले यो सूचना प्रकाशित भएको मितिले .....औं दिन (.........................गते) भित्र तपशिल बमोजिमका कागजातहरु सहित यस कार्यालयमा कार्यालय समय भित्र निवेदन सहित प्रस्तावना पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नागी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.स | कार्यक्रमको नाम | संख्या | अनुदान रकम | कार्यक्रम लागु हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

<u>आवश्यक कागजातहरुः</u>

१. अनुसूची-३ बमोजिमको प्रस्ताव-पत्र सहित अनुसूची-२ बमोजिमको रु १० को टिकट टाँस गरेको निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. वडा कार्यालयको सिफारिस,

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

३. समूह/संस्थाको कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपि,
४. समूह/संस्था दर्ता तथा नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि,
५. समूह/संस्थाको स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि,
७. प्रतिवद्धता पत्र र प्रस्तावित कार्यक्रमका लागि अनुदान नलिएको स्वघोषणा पत्र,
८. निर्माण कार्यको हकमा लागत ईस्टिमेट र मेसिनरीको हकमा स्पेसिफिकेसनको प्रतिलिपि,
९. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु र प्रस्तावकले रु ५००/- निवेदन दस्तुर तिरेको नगदि रसिद,

यस सम्बन्धी थप जानकारीका लागी वेवसाईट ........................................ वा फोन नं.................................. मा सम्पर्क गर्न सकिनेछ।

नोटः कार्यालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार आवश्यक परिमार्जन गरि सूचना प्रकासन गर्न सकिनेछ।

रू १० को
टिकट

**अनुसूची-२**
**(दफा (६) को उपदफा (२) सँग सम्बन्धीत)**
**निवेदनको ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पचालझरना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
पडेक्षा, कालिकोट।

विषयः प्रस्ताव पेश गरिएको बारे।

महोदय,

तहाँ कार्यालयबाट मितिः ............................ गतेको प्रकाशित सार्वजनिक सूचना अनुसार "..................................................................कार्यक्रम" मा साझेदारी गर्न ईच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं। कार्यक्रममा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु/गर्दछौं।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निवेदक**

समूह/संस्थाको नामः

ठेगानाः

अध्यक्ष/प्रतिनिधिको नामः

दस्तखतः

पदः

सम्पर्क नः

मितिः

छापः

## अनुसूची-३
## (दफा (६) को उपदफा (२) सँग सम्बन्धीत)
## प्रस्तावको ढाँचा

१. कार्यक्रमको नामः

२. फर्म/कम्पनी/संस्था/समूह/सहकारीको संस्थाको नामः

३. ठेगानाः

४. कार्यक्रम सञ्चालन हुने क्षेत्रफलः

५. विस्तार हुन सक्ने क्षेत्रफलः

६. परियोजनाको पृष्ठभूमिः (संस्था एवं स्थान परिचय र अबस्था, उदेश्य)

७. परियोजनाको उदेश्यः (बडीमा ५ बुँदामा)

८. कार्ययोजनाः क्रियाकलाप (के, कति, कहिले, कसरी र कसले)

९. अपेक्षित क्षेत्रफलः (गणना गर्न सकिने मात्र)

१०.लागत बजेटः (टेवल बनाउन सकिने) (अन्तमा जम्मा संस्थाले ब्यहोर्ने र माग गरिएको अनुदान)

११. स्रोत उपलब्धताको सुनिश्चितताको प्रमाणः

१२.दिगोपनाको योजनाः संरक्षण योजना (व्यवस्थापन कार्य कम्तिमा ५ (पाँच) वर्ष कार्ययोजना)

१३.प्राविधिक ज्ञान, अनुभव र दक्षता,

१४.लगानीको स्रोतमा अन्य निकायको सहभागिता रहेको प्रमाणः

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

१५.नयाँ सोच केही भए उल्लेख गर्नुहोस्,

प्रस्तावक संस्थाको नामः
ठेगानाः
दस्तखतः
मितिः
छापः

नोटः

- प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा प्रस्ताव तयार गरि पेश गर्नु पर्नेछ।
- कार्यालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार आवश्यक परिमार्जन गरि प्रस्तावको ढाँचा निर्धारण गर्न सकिनेछ।

## अनुसूची-३
### (दफा (६) को उपदफा (२) सँग सम्बन्धीत)
### साना सिँचाई निर्माण कार्यक्रमका लागि प्रस्तावको ढाँचा

**क. आवेदकको संक्षिप्त परिचयः**

| | |
|---|---|
| आवेदकको नाम: | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | प्रोप्राईटर/अध्यक्षको नामः |
| सम्पर्क व्यक्तिको नामः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

**ख. उदेश्यः (बडीमा ५ बुँदामा)**

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ग. सिँचाई संरचना सम्बन्धी विवरणः

| क.स | सिँचाई संरचनाबाट लाभान्वित हुने कृषकहरुको नाम | कार्यक्रम सञ्चालन पछि सिँचित हुने जग्गाको क्षेत्रफल | सो जग्गामा हालको बाली प्रणाली | सिँचाई संरचना निर्माण पछि हुने बाली प्रणाली | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

घ. प्रस्तावित सिँचाई संरचनाको किसिमः (नँया सिँचाई संरचना वा पुरानो संरचनाको मर्मत के हो खुलाउने)

ङ. सिँचाईका लागि पानीको स्रोतः

च. पानीको स्रोतको किसिमः (बाह्रै महिना सिँचाई गर्न सक्ने वा मौसमी सिँचाईको स्रोत के हो उल्लेख गर्ने)

छ. प्राकृतिक प्रकोपबाट प्रभावित सिँचाई संरचना भए/नभएको उल्लेख गर्नेः

ज. पानीको स्रोतको नजिकमा रहेको अन्य सिँचाई संरचनाः

| माथि तिर | | | तल तिर | | |
|---|---|---|---|---|---|
| मुहान देखिको दुरी | सिंचित क्षेत्रफल | घरधुरी संख्या | मुहान देखिको दुरी | सिँचित क्षेत्रफल | घरधुरी संख्या |
| | | | | | |

झ. सञ्चालन हुने क्रियाकलापहरुः

| क.स | क्रियाकलाप | एकाई | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १. | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

देवराज शाही
अध्यक्ष

देवराज शाही (अग्नी)
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| २. | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

ञ. कार्ययोजनाः क्रियाकलाप (के, कति, कहिले, कसरी र कसले)

ट. दिगोपनाको योजनाः

ठ. माग गरेको जम्मा अनुदान रकमः

ड. अन्य विषय केही भए उल्लेख गर्नुहोस।

नोटः

- प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा प्रस्ताव तयार गरि पेश गर्नु पर्नेछ।
- कार्यालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार आवश्यक परिमार्जन गरि प्रस्तावको ढाँचा निर्धारण गर्न सकिनेछ।

## अनुसूची-४

(दफा ९ को उपदफा (६) सँग सम्बन्धीत)

**प्रस्ताव मूल्यांकन मापदण्ड/फारम**

१. प्रस्तावकको नाम/ठेगानाः

२. प्रस्तावित कार्यक्रमको नामः

क) उत्पादन सम्बन्धी कार्यक्रमहरुका लागिः

| क्र.स. | मुल्याङ्कनका सूचकहरू | भार | कैफियत |
|---|---|---|---|
| १) | भौतिक क्षमता | ३० | |
| १.१. | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आफ्नै स्वामित्वको छ/छैन | | |

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १.२. | प्रस्तावित कार्यक्रम गर्न पर्याप्त जग्गा छ/छैन | | |
| १.३. | भविष्यमा विस्तारका लागी जग्गा उपलब्ध हुन सक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति नपुग्ने अवस्थाछ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो पानी, बिजुलीको सुविधा छ/छैन | | |
| १.६. | भौतिक हिसाबले उक्त स्थानमा प्रस्ताविक कार्यक्रम गर्न उपयुक्त छ/छैन | | |
| २. | **प्राविधिक क्षमता** | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रम सँग मेल खाने क्रियाकलाप हाल संलग्न छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम अनुभव प्राप्त छ/छैन | | |
| ३. | **वित्तीय क्षमता** | १५ | |
| ३.१ | आवेदकको लागत साझेदारी गर्न सक्ने आर्थिक अवस्था छ/छैन | | |
| ३.२ | साझेदारीका लागी बैंक मौज्दात वा संचालित कारोबार बचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम बित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४. | **वातावरणीय उपयुक्तता** | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय वासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वाताबरणमा नकारात्मक असर नपुग्ने अवस्था छ/छैन | | |
| ५. | **अन्य पक्षहरू** | २० | |
| ५.१ | संस्था/व्यक्तिको व्यवसायिक क्रियाशिलता छ/छैन | | |
| ५.२ | दर्ता, नविकरण,अडिट, करचुक्ता, अध्यावधीक छ/छैन | | |
| ५.३ | लक्षित वर्ग (महिला, एकल महिला, दलित, विपन्न वर्ग, शहिद परिवार) को संलग्नता | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६. | **स्थलगत अनुगमन टोलीको राय** | १० | |
| ६.१ | प्रस्तावमा उल्लेखित कुरा र स्थलगत अवस्था बिच समानता छ/छैन | | |
| ६.२ | अघिल्लो आ.व.मा समान प्रकृतिको अनुदानका कार्यक्रमहरू प्राप्त गरेको छ/छैन | | |
| | **जम्मा** | १०० | |

नोटः कार्यक्रमको प्रकृति अनुरुप मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवम् सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।

## अनुसूची-४

## (दफा ९ को उपदफा (६) सँग सम्बन्धीत)

## प्रस्ताव मूल्यांकन मापदण्ड/फारम

३. प्रस्तावकको नामः

४. ठेगानाः

५. प्रस्तावित कार्यक्रमको नामः

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ख) पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रमहरुका लागि:

| क्र.स. | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | आवश्यक कागजातहरुको संलग्नता | ६ | |
| २. | लक्षित वर्ग (दलित, महिला, एकल महिला, शहित परिवार, विपन्न वर्ग) क्षेत्र, मापदण्डको अनुरुप आवेदकको उपयुक्तता | १२ | |
| ३. | प्रस्तावित कार्य योजना अनुरुपको सामाजिक भौगोलिक र वातावरणीय उपयुक्तता | १२ | |
| ४. | कार्य योजना प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल | १५ | |
| ५. | कार्य योजनामा लागत साझेदारी आकलन | ५ | |
| | जम्मा | ५० | |

## अनुसूची-४
### (दफा ९ को उपदफा (६) सँग सम्बन्धीत)
### प्रस्ताव मूल्यांकन मापदण्ड/फारम

६. प्रस्तावकको नाम:

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



देवराज शाही (अग्नी)
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

७. ठेगानाः

८. प्रस्तावित कार्यक्रमको नामः

**ग) साना सिँचाई पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरुका लागिः**

| क.स | मूल्याङ्कनका आधार | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | **सिँचाईका लागि पानीको स्रोत सुनिश्चितता** | १० | |
| क. | बाह्रै महिना सिँचाईका लागि पानीको स्थायी स्रोत भएको | ५ | |
| ख. | मौसमी (६ महिना भन्दा कम) सिँचाईको लागि मात्र पानीको स्रोत भएको | ५ | |
| २. | **सिँचित हुने क्षेत्रफल** | ३० | |
| क. | पहाडमा ५० रोपनी क्षेत्रफल सिँचित हुने भएमा १५ अंक र थप क्षेत्रफलका लागि प्रति रोपनी ०.५ अंकका दरले क्रमशः थप हुदै अधिकतम ३० अंक सम्म प्रदान गर्ने | ३० | |
| ३. | **लाभान्वित घरधुरी संख्या** | २० | |
| क. | २५ भन्दा बढि घरधुरी | २० | |
| ख. | १५-२५ घरधुरी | १५ | |
| ग. | १५ भन्दा कम घरधुरी | १० | |
| ४. | **निर्माण हुने सिँचाई संरचनाको स्थिति** | २० | |
| क. | सिँचाईको सुविधा नभएको जग्गामा नयाँ सिँचाई संरचना निर्माण | २० | |
| ख. | बाढी/पहिरो/डुबान जस्ता प्राकृतिक प्रकोपबाट प्रभावित सिँचाई संरचना | १५ | |
| ग. | पुरानो सिँचाई संरचनाको मर्मत सम्भार | १० | |
| ५. | **बाली सघनता वृद्धि** | २० | |
| क. | १००% भन्दा बढी | २० | |
| ख. | ५०-१००% भएमा | १५ | |
| ग. | ५०% भन्दा कम भएमा | १० | |
| | **जम्मा** | १०० | |

**अनुसूची-५**

**(दफा (११) को उपदफा (२) सँग सम्बन्धीत)**

देवराज शाही
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# सम्झौताको ढाँचा (नमूना)

यो सम्झौता पत्र ........................ (यसपछि पहिलो पक्ष भनिएको) र ........................फार्म/संस्था/उद्यमी कृषक .................. गा.पा............ वडा नं........... टोल (यसपछि दोस्रो पक्ष भनिएको बीच तपशिलको शर्तहरुको अधिनमा रहि ..................................................... कार्यक्रम सञ्चालन गर्न द्धिपक्षीय सम्झौता गरि एक/एक प्रति बुँझि लियौँ/दियौं।

तपशिलः

१. यो सम्झौता, सम्झौता भएको मिति ............... देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/ईष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मिति .................. गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।

२. यस सम्झौता बमोजिमको ........................कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाईने छैन।

३. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरूप रू................/-( अक्षरेपी रू.......................मात्र) र दोस्रो पक्षको लागत सहभागिता रू................./-(अक्षरेपी रू...................मात्र) व्यहोरिनेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको ........................... कार्यक्रम अन्तर्गत .....................व्यवसाय /उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएको प्राविधिकहरुले दिएको निर्देशनहरुको पालना गर्नुपर्नेछ।

६. दोस्रो पक्षले ..................... कार्यक्रम अन्तर्गत ................... व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनुपर्नेछ।

७. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिँदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

८. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

९. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम ..................... मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना /ईष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१०.सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

११.कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख गर्नुपर्ने नियमहरु

१२.कार्यक्रमसँग प्रासङ्गिक अन्य विषयहरु (आवश्यक भएमा)

१३.कार्यक्रमको विस्तृत ल.ई डिजाईन संलग्न बमोजिम हुनेछ। (आवश्यक भएमा)

१४.भुक्तानी हुने खाता नं

नामः

खाता नः

१५.यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



देवराज शाही (अख्नी)
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दोस्रो पक्ष

पहिलो पक्ष

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| संस्थाको छापः | कार्यालयको छापः |

रहोबर

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |
| मितिः | मितिः |

इति सम्वत .......साल.........महिना..........गते रोज...........शुभम्।

नोटः कार्यक्रमको प्रकृति अनुरुप नमूना सम्झौताको ढाँचालाई आवश्यकता बमोजिम परिमार्जन गर्न सकिनेछ।

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-६

(दफा (३८) को उपदफा (४) सँग सम्बन्धीत)

**<u>सूचना पाटीको ढाँचा (नमूना)</u>**

(साईजः ३ फिट " २ फिट मेटालिक प्लेट)

पचालझरना गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पडेक्षा,कालिकोट

कर्णाली प्रदेश,नेपाल

१. आयोजनाको नामः

२. आयोजना सञ्चालन गर्ने व्यक्ति/फार्म/सहकारी/ संस्थाः

३. ठेगानाः

४. आयोजनाको कुल लागत रूः

५. अनुदान रकम रूः

६. अनुदानग्राहीको योगदान रूः

७. अन्य साझेदार निकायको सहभागिता रूः

८. आयोजनाको अवधीः / / देखि / / सम्म।

९. लाभग्राहीहरुको संख्याः ... महिला ..... पुरुष .... अन्य।

देवराज शाही
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-७**

(दफा (७) को उपदफा (१) को (च) सँग सम्बन्धित)

**प्रतिवद्धता पत्र**

पचालझरना गाउँपालिका कालिकोटको मिति ................. को सूचना अनुसार "............................................... कार्यक्रम" मा सहभागिताको लागि ईच्छुक भई सोको प्रस्तावना सहितको आवेदन पेश गरेको छु/का छौ। उक्त कार्यक्रममा छनौट भएमा प्रस्तावनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौ। र ................वर्ष सम्म निरन्तरता दिनेछु/छौं। प्रस्तावना अनुसारको कार्य नगरेमा वा ............ (.................) वर्ष अगावै सो व्यवसाय बन्द गरेमा कार्यालयबाट प्राप्त अनुदान रकम प्रचलित कानुन बमोजिम व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाँउला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिवद्धता समेत गर्दछु/छौं।

**आवेदकको तर्फबाट**

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

नामः

पदः

सम्पर्क नं

दस्तखतः

मितिः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

देवराज शाही
अध्यक्ष

देवराज शाही (अछामी)
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-८
## (दफा (७) को उपदफा (१) को (छ) सँग सम्बन्धित)
## प्रस्तावित कार्यक्रमका लागि अनुदान नलिएको स्वघोषणा पत्र

पचालझरना गाउँपालिका कालिकोटको मिति........................... गतेमा प्रकाशित सूचना अनुसार पचालझरना गाउँपालिका .......नं वडा ................ टोलमा स्थायी ठेगाना भएको श्री..........................................................................ले............................................. .................... कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय/योजनासँग मेल खाने कार्यका लागि विगत ३ वर्ष भित्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका मातहतका निकायहरुबाट अनुदान नलिएको स्वघोषणा गर्दछु। अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु।

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको तर्फबाट

नामः

पदः

सम्पर्क नं

दस्तखतः

मितिः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

देवराज शाही
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

पञ्चालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७४

## अनुसूची-९
(दफा (१४) को उपदफा (३) को (क) सँग सम्बन्धित)

**त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा**

क. परिचयात्मक विवरणः
  १. आर्थिक वर्षः
  २. कार्यालयको नामः
  ३. प्रगति प्रतिवेदनको अवधीः

ख. प्रगति विवरणः
  १. वित्तीय प्रगतिः

| क.स | कार्यक्रम/क्रियाकलाप | वार्षिक विनियोजित बजेट (रू हजारमा) | ………… त्रैमासिक विनियोजित बजेट (रू हजारमा) | हाल सम्मको खर्च (रू हजारमा) | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

  २. भौतिक प्रगति, प्रतिफल तथा प्रगति नपुगका कारणहरुः

| क.स | कार्यक्रम/क्रियाकलाप | एकाई | वार्षिक लक्ष्य | हाल सम्मको प्रगति | मुख्य मुख्य प्रतिफलको विवरण | प्रगति नपुगका कारण |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |

देवराज शाही
अध्यक्ष

२०७४।१०।०४
ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



देवराज शाही (अग्नी)
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |

३. लाभान्वित कृषक/अनुदानग्राहीहरुको विवरणः

| क्र.स | अनुदानग्राहीको नाम (व्यक्ति,फर्म, कम्पनी, समूह सहकारी) | ठेगाना | सम्पर्क नम्वर | अनुदानको विवरण (के का लागि कति) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

ग. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु र समाधानका उपायहरुः

| क्र.स | कार्यक्रम/क्रियाकलाप | कार्यक्रम कार्यान्वयनका प्रमुख समस्याहरु | समाधानार्थ अपनाईएका उपायहरु | प्रभावकारी कार्यान्वयनका लागि सुझावहरु |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

घ. कार्यक्रम सम्बन्धी सुझाव भए उल्लेख गर्ने,

तयार गर्ने
नामः
पदः
दस्तखतः

प्रमाणित गर्ने
नामः
पदः
दस्तखतः

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवराज शाही (अछामी)
अध्यक्ष

ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
ओम प्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवराज शाही
अध्यक्ष

ओमप्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवराज शाही (अग्नी)
अध्यक्ष



ओमप्रकाश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत